राष्ट्रिय सहकारी नियमन प्राधिकरणको
अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित समितिको
दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रकाशित मिति २०८३/०७/१९)

नेपाल सरकार — राष्ट्रिय सहकारी नियमन प्राधिकरण — पुतलीसडक, ललितपुर, नेपाल । (स्थापना-२०८१)

सहकारी ऐन, २०७४ को दफा १०३ङ बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सहकारी ऐन, २०७४ तथा "राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३" अनुसार देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ:-

(अ) अध्यक्ष पदको लागि योग्यता तथा अनुभव

(१) अध्यक्ष पदको लागि ऐनको दफा १०३ग. को उपदफा (१) को खण्ड (क) र ऐन बमोजिम समितिले निर्माण गरेको मापदण्डको दफा १० को खण्ड (क) को बुँदा (अ) र (आ) बमोजिम कार्य अनुभव भएको,

(२) ऐनको दफा १०३ङ को उपदफा (२) को खण्ड (ग) बमोजिम साठी बर्ष उमेर पुरा नभएको ।

(३) ऐनको दफा १०३घ बमोजिम अयोग्यता नभएको ।

(आ) उम्मेदवारले दरखास्त साथ देहायका विवरण खुल्ने स्वयम् प्रमाणित कागजात समावेश गर्नु पर्नेछ:-

(१) मापदण्डको अनुसूची-१ बमोजिमको कागजात एवम् विवरण,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(४) सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाबाट प्रमाणित कागजातहरू,

(५) सम्पर्क विवरण खुल्ने व्यक्तिगत विवरण,

(६) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(७) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(८) मापदण्डको अनुसूची-२ बमोजिमको स्व:घोषणा,

(९) दरखास्त दस्तुर तिरेको रसीद ।

(१०) उम्मेदवारले दरखास्त साथ संस्थाको अवधारणा पत्र, वित्तीय सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसर सहितको व्यवसायिक तथा आर्थिक कार्ययोजना एवम् भावी रणनीतिक योजना समेत समावेश गरिएको कार्ययोजनाको तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछ;

(क) ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरेको सहकारी संघ, संस्था नियमन सम्बन्धी व्यवसायिक कार्ययोजना,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको कार्ययोजना,

(ग) मापदण्डको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहितको व्यवसायिक कार्ययोजना ।

(११) पेश गरेको व्यावसायिक तथा आर्थिक कार्ययोजनाको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरी छुट्टै खाममा शिलबन्दी गर्नुपर्नेछ । सो बाहेक अन्य दुई प्रतिको कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरी छुट्टै खाम भित्र राखी शिलबन्दी गर्नु पर्नेछ र दुवै सिलबन्दी गरिएको खामलाई अर्को ठुलो खामभित्र राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(१२) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) पेन ड्राइभ समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

(इ) **दरखास्त पेश गर्ने अन्तिम मिति:** यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनको कार्यालय समय भित्र (मिति २०८३/०८/०३ गते भित्र) । (अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

(ई) **दरखास्त पेश गर्ने स्थान:** राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर ।

(उ) **दरखास्त दस्तुर :** उम्मेदवारले दरखास्त दस्तुर वापत रु. ५०००/- (पाँच हजार) राष्ट्रिय सहकारी नियमन प्राधिकरण आम्दानी KA-2.10.2, Rastriya Sahakari Niyaman Pradhikaran Amdani Khata, खाता नं. ११४०१००१००१०२१००२०१, राष्ट्रिय वाणिज्य बैङ्क, पुल्चोक खातामा बुझाउनु पर्नेछ । QR Code यसै साथ संलग्न छ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३ र यो सूचना भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट https://molcfaga.gov.np/ र राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोकको वेवसाइट https://ncra.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि मन्त्रालयको योजना तथा अनुगमन महाशाखा र र राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक (सम्पर्क नं. ०१-५०१०१३१, ०१-५०१०२३७) मा सम्पर्क राख्न सकिने छ ।

fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त

KA-2.10.2 Rastriya Sahakari Niyaman Pradhikaran Amdani Khata
Terminal: 22221002/02724
Branch: PULCHOWK